# उपभोक्ता समितिको विधान, २०८०

## बगनासकाली गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

चिर्तुङ्गधारा, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

Email: baganaskali.rural@gmail.com,

Website: https://baganaskalimun.gov.np/

# ................................................ उपभोक्ता समितिको

# विधान, २०८०

**प्रस्तावनाः**

पाल्पा जिल्ला बगनासकाली गा.पा. वडा नं. मा संघीय सरकार/प्रदेश सरकार/बगनासकाली गाउँपालिका/अन्य संघ संस्थाबाट आ.व. २०८०/८१ मा ........................................................................................ योजना निर्माण/मर्मत/संचालन गर्नको लागि बजेट बिनियोजन गरिएकोमा उक्त बजेट कार्यान्वयन गर्नको लागि बगनासकाली गाउँपालिकाबाट जारी गरिएको बगनासकाली गाउँपालिकाको उपभोक्त समिति गठन, परिचालन व्यवस्थापन तथा दर्ता सम्बन्धी कार्यविधि, २०८० भएको व्यवस्था बमोजिम उक्त योजना प्रभावकारी र पारदर्शी ढंगबाट संचालन गर्न आवश्यक देखिएको र यस उपभोक्ता समिति बगनासकाली गाउँपालिकामा दर्ता गर्न वाञ्छनीय भएकोले यो उपभोक्ता समितिको विधान तर्जुमा गरी बगनासकाली गाउँपालिकावाट स्वीकृती गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस विधानको नाम "........................................................................ उपभोक्ता समितिको विधान, २०८०", रहने छ ।

ख) संस्थाको कार्यालय रहने ठेगानाः-यस उपभोक्ता समितिको कार्यालय पाल्पा जिल्ला, बगनासकाली गाउँपालिका वडा नं. ............ मा रहनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस बिधानमा,

क) **"बिधान"** भन्नाले "........................................................................ उपभोक्ता समिति", को विधान, २०८० लाई सम्झनु पर्दछ ।

ख) **"उपभोक्ता समिति भन्नाले"** "........................................................................ उपभोक्ता समिति"लाई सम्झनु पर्दछ ।

ग) **"कार्य समिति"** "........................................................................ उपभोक्ता समिति" अन्तर्गतको कार्य समिति भन्ने सम्झनु पर्दछ ।

घ) **"कार्य समितिको सदस्य"** भन्नाले यस बिधान बमोजिम गठित कार्य समितिको पदाधिकारीहरुलाई जनाउँदछ ।

ङ) **"आर्थिक वर्ष"** भन्नाले हरेक वर्षको श्रावण १ गते देखि असार मसान्तसम्मको अवधिलाई जनाउनेछ ।

च) **“स्थानीय अधिकारी”** भन्नाले बगनासकाली गाउँपालिका प्रमुख प्रशासकिय अधिकृतलाई जनाउँदछ ।

छ) **“गाउँपालिका”** भन्नाले बगनासकाली गाउँपालिकालाइ सम्झनु पर्दछ ।

ज) **“स्थानिय तह”** भन्नाले बगनासकाली गाउँपालिका लाई जनाउँदछ ।

झ ) **“शाखा”** भन्नाले बगनासकाली गाउँपालिका अन्तर्गतका शाखा भन्ने सम्झनु पर्दछ ।

ञ) **“वडा कार्यालय”** भन्नाले बगनासकाली गाउँपालिका भित्रका वडा कार्यालयहरु भन्ने सम्झनु पर्दछ ।

ट) **“वडा अध्यक्ष” भन्नाले** बगनासकाली गाउँपालिका भित्रका वडाका निर्वाचित वडा अध्यक्ष भन्ने सम्झनु पर्दछ ।

ठ) **“ऐन”** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७५ तथा बगनासकाली गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन, व्यवस्थापन तथा दर्ता सम्बन्धी कार्यविधि, २०८० लाई जनाउँछ ।

ड) **“कार्यविधि”** भन्नाले गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन, व्यवस्थापन तथा दर्ता सम्वन्धी कार्यविधिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## उपभोक्ता समितिको स्थापना

३) **संस्थाको स्थापनाः**

क) यस विधानको प्रस्तावना अनुसारको कार्य गर्ने गरी “.......................................... उपभोक्ता समिति” नामक संस्थाको स्थापना गरिएको छ ।

ख) संस्थाको सबै काम कार्वाहीको निमित्त अनुसूची-३ बमोजिमको आफ्नो छुट्टै छाप र कार्यालय हुनेछ ।

ग) संस्था एक अविछिन्न उत्तराधिकारवाल, स्वशासित र सु-संगठित संस्था हुनेछ ।

घ) संस्थाले एउटा कृत्रिम व्यक्ति सरह गर्ने सम्पूर्ण कार्य गर्न सक्नेछ ।

ङ) संस्था/उपभोक्ता समितिले कानून बमोजिम गर्न मिल्ने योजनासँग सम्बन्धित सबै कार्यहरु गर्न सक्नेछ ।

४) **संस्थाको कार्यालय :** पाल्पा जिल्ला बगनासकाली गाउँपालिका वडा न.. ................... मा संस्थाको कार्यालय रहनेछ ।

## परिच्छेद-३

## उद्देश्य

**५) उपभोक्ता समितिको उद्देश्य यस प्रकार रहने छ :**

क) योजना संचालनको कार्य दिगो र गुणस्तरयुक्त तरिकाले गर्ने ।

ख) योजना संचालनको गर्न स्थानीय श्रम, सिप तथा स्रोतको परिचालन गर्ने र गराउने ।

ग) योजना कार्यन्वयन गर्न आवश्यक पर्ने स्रोत परिचालन गर्न सरकारी तथा गैरसरकारी राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसँग सम्पर्क राख्ने, सहयोग जुटाउने र आवश्यक सम्झौता गर्ने ।

घ) योजना सम्बन्धी आबश्यक सल्लाह प्रदान गर्ने र गर्न लगाउने ।

ङ) उल्लेखित उद्देश्यहरु पूरा गर्न आईपर्ने अन्य जुनसुकै काम गर्ने र गराउने ।

च) योजना निर्माण गर्नको लागि श्रोत नपुग भएमा आर्थिक संकलन गरी नियमित रुपमा योजनाको मर्मत सम्भार, निरीक्षण तथा अनुगमनको व्यवस्था मिलाउने ।

छ) योजनाको निर्माण तथा संचालनको कार्य गर्दा बगनासकाली गाउँपालिका तथा वडा कार्यालयसँग समन्वय गरी कार्य संचालन गर्ने ।

**६) उपभोक्ता समितिको सदस्यता :**

क) योजना कार्यान्वयन हुने प्रभावित क्षेत्र भित्रबाट वडा कार्यालयका जनप्रतिनिधिको रोहवरमा गठित अध्यक्ष लगायतका अन्य सदस्यहरु उपभोक्ता समितिका सदस्य हुनेछन् ।

ख) उपभोक्ता समितिमा देहायका व्यक्तिहरु सदस्य हुन सक्ने छैनन् ।

१) नेपाली नागरिकता नलिएको व्यक्ति ।

२) मानसिक सन्तुलन ठीक नभएको व्यक्ति ।

३) कुनै अर्को उपभोक्ता समितिमा रहेर कार्य गरिरहेको व्यक्ति ।

४) योजना प्रभावित क्षेत्र भन्दा बाहिरको व्यक्ति ।

५) सरकारी सम्पत्ति हिनामिना गरी अभियोग लागेको व्यक्ति ।

६) कुनै फोजदारी अभियोगमा कसुरदार ठहरिएको व्यक्ति ।

**७) सदस्यता शुल्क :**

क) उपभोक्ता समितिमा रहने व्यक्तिलाई सदस्यता शुल्क लाग्ने छैन ।

**८) सदस्यता कायम नरहने :**

देहायको अबस्थामा उपभोक्ता समितिको सदस्यता कायम रहने छैन ।

१) ऐन कानून बिपरित कार्य गरेको पाइएमा ।

२) उपभोक्ता समितिको निर्णयलाई अटेर गरी पालना गरेमा तथा योजना निर्माणमा अवरोध सिर्जना गरेमा ।

३) उपभोक्ता समितिको कुनैपनि सदस्यले आफ्नो स्वइच्छाले सदस्यता खारिज गरी पाउँ भनि राजीनामा दिएमा ।

४) उपभोक्ता समितिको सदस्यको मृत्यु भएमा ।

**९) उपभोक्ता समितिको गठन, बैठक तथा कार्यविधि :**

क)योजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित योजना स्थलमा नै सातदेखि एघार (७ देखि ११) जना सम्मको उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

(ख) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय भेला हुने मितिले कम्तिमा सात (७) दिन अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।

(ग) उपभोक्ता समिति गठन गर्दा सम्बन्धित वडाको वडा अध्यक्ष, वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

(घ) उपभोक्ता समिति गठनको लागि बोलाइएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यालयको प्रतिनिधिले गराउनु पर्नेछ ।

(ङ) उपभोक्ता समिति गठन गर्दा समावेशीको सिद्धान्त अवलम्वन गर्नुपर्नेछ। समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य अनिवार्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष जस्ता प्रमुख तीन पद मध्ये कम्तीमा एक जना महिला पदाधिकारी हुनुपर्नेछ ।

(च) एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन, साथै सगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन ।

(छ) उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गर्नुपर्नेछ ।

(ज) उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने योजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ ।

(झ) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति र संस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन ।

(ञ) कार्यालयले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख व्यवस्थित गर्नु पर्नेछ ।

**१०)उपभोक्ता समितिको बैठक :**

क) उपभोक्ता समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

**११) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार :**

क. विनियोजित रकम तथा निर्माण सामग्री सम्बन्धित योजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

ख. नगदी, जिन्सी सामानको प्राप्ति, खर्च र बाँकी तथा योजनाको प्रगतिको अभिलेख विवरण दुरुस्त राख्नु पर्नेछ ।

ग. आम्दानी खर्चको विवरण र कार्य प्रगतिको जानकारी उपभोक्ता समूहमा छलफल गरी सकेपछि मात्र अर्को किस्ता माग गर्नु पर्नेछ ।

४. योजनाको कुल लागत भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो अनुसार अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिनु पर्नेछ ।

५. उपभोक्ता समितिले प्राविधिकको राय, परामर्श एवं निर्देशन अनुरुप काम गर्नुपर्नेछ ।

६. उपभोक्ता समितिले योजनासँग सम्वन्धित बिल, भरपाईहरु, डोर हाजिरी फारामहरु, जिन्सी नगदी खाताहरु, समिति/समूहको निर्णय पुस्तिका आदि कागजातहरु कार्यालयले मागेको बखत उपलव्ध गराउनु पर्नेछ र त्यसको लेखापरीक्षण समेत गराउनु पर्नेछ ।

७. कुनै सामाग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गरी सोही अनुसारको बिल भरपाई आधिकारिक व्यक्तिबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

८. मूल्य अभिबृद्धि कर (भ्वत) लाग्ने वस्तु तथा सेवा खरिद गर्दा रु २०,०००।- भन्दा बढी मूल्यको सामग्रीमा अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्नुपर्नेछ, साथै उक्त बिलमा उल्लिखित मु.अ.कर बाहेकको रकममा १.५ प्रतिशत अग्रीम आयकर बापत करकट्टी गरी बाँकी रकम मात्र सम्बन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ । रु २०,०००।- भन्दा कम मूल्यको सामग्री खरिदमा पान नम्वर लिएको व्यक्ति वा फर्मबाट खरिद गर्नुपर्नेछ । अन्यथा खरिद गर्ने पदाधिकारी स्वयं जिम्मेवार हुनेछ र यसको भुक्तानी दिन कार्यालय वाध्य हुनेछैन ।

९. डोजर, रोलर, एक्जाभेटर जस्ता भारी उपकरण भाडामा लिएको तथा घर बहालमा लिई बिल भरपाई पेश भएको अवस्थामा नियमानुसार १० प्रतिशत घर भाडा कर र बहाल कर तिर्नुपर्नेछ ।

१०. प्रशिक्षकले पाउने पारिश्रमिक एवं सहभागीले पाउने भत्तामा प्रचलित नियमानुसार  १५ प्रतिशत करकट्टी गरिनेछ ।

११. निर्माण कार्यको हकमा सुरु लागत अनुमानका कुनै शीर्षकमा परिवर्तन हुने भएमा अधिकारप्राप्त व्यक्ति वा आवश्यकता र औचित्यको आधारमा कार्यालयबाट लागत अनुमान संशोधन गरे पश्चात् मात्र कार्य गराउनु पर्नेछ । यसरी लागत अुनमान संशोधन नगरी कार्य गरेमा उपभोक्ता समिति/समूह नै जिम्मेवार हुनेछ ।

१२. उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्बन्धित कार्यालयलाई बुझाउनु पर्नेछ । तर मर्मत संभार समितिलाई बुझाएको सामानको विवरण एक प्रति सम्वन्धित कार्यालयलाई जानकारीको लागि बुझाउनु पर्नेछ ।

१३. सम्झौता बमोजिम योजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन, नापी किताब, प्रमाणित बिल भर्पाई, योजनाको फोटो, सम्बन्धित उपभोक्ता समितिले योजना सञ्चालनगर्दा भएको आय व्ययको अनुमोदन सहितको निर्णय, उपभोक्ता भेलाबाट भएको सार्वजनिक लेखापरीक्षणको निर्णयको प्रतिलिपी तथा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अन्तिम किस्ता भुक्तानीको लागि निवेदन पेश गर्नुपर्नेछ ।

१४. योजना सम्पन्न भएपछि कार्यालयबाट जाँचपास गरी फरफारकको प्रमाण-पत्र लिनु पर्नेछ, साथै योजनाको आवश्यक मर्मत संभारको व्यवस्था सम्वन्धित उपभोक्ताहरुले नै गर्नुपर्नेछ ।

१५. योजनाको दिगो सञ्चालन तथा मर्मत संभारको व्यवस्था गर्नुपर्नेछ ।

१६. योजनाको सम्पूर्ण काम उपभोक्ता समिति/समूहको निर्णय अनुसार गर्नु गराउनु पर्नेछ ।

## १२) उपभोक्ता समितिले पालना गर्नु पर्ने शर्तहरु

१.एउटै योजना तथा कार्यक्रमको लागि टुक्रे बिल समावेश नगर्ने।

२.कुनै पनि काम गर्ने सिलसिलामा फिल्डमा भएको काम अनुसार सामाग्रीको बिल मात्र भुक्तानी हुने हुँदा योजना रकम भन्दा बढी रकमको बिल भरपाई पेश नगर्ने।

३.एक पटक लागत अनुमान तयार गरी सम्झौता भएपछि लागत अनुमान पुनःसंशोधन गरिने छैन ।

४.उपभोक्ता समितिले अनिवार्य रुपमा योजनाको फोटो साथसाथै उपभोक्ता समिति गठनका सुरु भेलादेखि सार्वजनिक परिक्षण भेलासम्मको फोटो २/२ प्रति अनिवार्य रुपमा राख्नु पर्नेछ।

५.योजना सुरु गर्नुभन्दा अगाडी, बिच र अन्तमा प्राविधिक कर्मचारी मार्फत अनिवार्य रुपमा स्थलगत प्राविधिक सुपरिवेक्षण गराउने ।

६.योजना पुस्तिकामा उल्लेख भए अनुसार योजना शिर्षकको काम नगरी फरक कार्य गरेको पाइएमा भुक्तानी हुने छैन ।

७.योजना सम्झौता गर्दा शुरु हुने र सम्पन्न हुने मिति तोकिएकोमा सोही समयमा कार्य सम्पन्न नगरेमा भुक्तानी हुने छैन ।

८.टिपेक्स प्रयोग भएको योजना सञ्चालन किताब र बिललाई मान्यता दिइने छैन ।

९.आम भेलामा उपस्थित नभएको व्यक्तिले उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समितिमा बस्न पाइने छैन ।

१०.एक पटक योजना सम्झौता पुस्तिका उपलब्ध गराई सकेपछि हानी नोक्सानी गरेमा वा हराएमा दोब्बर दस्तुर लिएर मात्र योजना सम्झौता पुस्तिका उपलब्ध गराइनेछ ।

११.ब्गानासकाली गाउँपालिका साक्षर गाउँपालिका घोषणा भईसकेको अवस्थामा औँठाछाप (ल्याप्चे) प्रयोग गर्ने निरक्षर व्यक्ति उपभोक्ता समितिमा नबस्ने र नबसाल्ने ।

१२.कार्यक्रम सञ्चाल नगर्दा सम्बन्धित विषयगत शाखा प्रमुख वा प्रतिनिधिको सिफारिश अनिवार्य गर्नु पर्नेछ ।

१३.आर्थिक ऐन  नियम अनुसारको बिल भर्पाइ संलग्न गर्नु गराउनु सम्पूर्ण उपभोक्ता समितिको कर्तव्य हुनेछ ।

१४. लागत अनुमान र योजना/कार्यक्रम सम्झौता रकमको आधारमा नभई यथार्थ खर्च र मुल्याङ्कनको आधारमा भुक्तानी  हुने भएकोले स्वीकृत स्टेमेट र सम्झौता पश्चात् मात्र योजना/कार्यक्रम सम्पन्न गरौं ।

## परिच्छेद -४

## उपभोक्ता समिति

१३) उपभोक्ता समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**क) अध्यक्ष :**

क) उपभोक्ता समितिको बैठक बोलाउने ।

ख) उपभोक्ता समितिको बैठकको अध्यक्षता गर्ने ।

ग) आवश्यकता अनुसार अन्य क्षेत्रमा समितिको तर्फबाट प्रतिनिधित्व गर्ने ।

घ) आवश्यकता अनुसार अन्य क्षेत्रमा समितिको तर्फबाट संघ/संस्था, सरकारी वा गैर सरकारी निकायसँग सम्झौता गर्ने ।

ङ) समितिको बैठकमा मत विभाजन गर्दा मत बराबर हुन आएमा निर्णायक मत दिने ।

च) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने तथा आवश्यकता अनुसार अधिकार प्रत्यायोजन गर्ने ।

छ) संस्थाको काम कारवाही सुपरिवेक्षण गर्ने ।

ज) विधान अनुसार सम्पूर्ण काम गर्ने गराउने ।

**(ख) सचिव :**

क) अध्यक्षको निर्देशन अनुरुप उपभोक्ता समितिको बैठक बोलाउने ।

ख) बैठकमा योजना र प्रतिवेदन पेश गर्ने र निर्णय अभिलेख राख्ने ।

ग) पारित निर्णयहरु कार्यान्वयन गर्ने ।

घ) कार्यालय सञ्चालन गर्ने ।

**ग) कोषाध्यक्ष :**

क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।

ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

ग) समितिको लेखा दुरुस्त राख्ने ।

घ) नियमित रुपमा वार्षिक लेखापरिक्षण गराउने

**घ) सदस्यको काम, कर्तव्य र अधिकार:**

क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

## परिच्छेद-५

## आर्थिक व्यवस्था

**१४)    आर्थिक श्रोत :**

यस विधान बमोजिम संस्थालाई प्राप्त हुने सबै चल अचल सम्पत्तिको प्राप्ती, भोग, खरिद, बिक्री गर्न सक्नेछ, तर यस प्रकारको बिक्री गर्नु अगाडी स्थानीय सरकारसँग परामर्श गर्नुपर्नेछ ।

१५) कोष :

१) उपभोक्ता समितिको नाममा एक छुट्टै कोष हुनेछ, जसमा देहायको रकम जम्मा हुनेछ ।

क) कुनै योजना संचालन वापतको रकम ।

ख) कसैले स्वेच्छाले दिएको साहायता तथा अनुदान वापतको रकम ।

ग) संस्थाको चल अचल सम्पत्ति बिक्रीबाट प्राप्त रकमहरु ।

घ) विदेशी संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहयोग ।

ङ) स्थानीय सरकार/प्रदेश सरकार/संघीय सरकार लगायत विभिन्न संघ संस्थाबाट प्राप्त अनुदान वा सहयोग ।

२) समितिको बैंक खाता समितिले तोकेको अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ । त्यसमा संस्थाको छाप लगाउनु पर्नेछ ।

**१६) उपभोक्ता समितिको लेखापरीक्षण तथा सार्वजनिक परिक्षणः**

क) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

ख) समितिको लेखापरीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखपरीक्षकबाट हुनेछ ।

ग) ब्गनासकाली गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत, योजना शाखा, आर्थिक प्रशासन शाखा वा योजनासँग सम्बन्धित नियमानकारी निकायले चाहेमा जुनसुकै वखत पनि संस्थाको हिसाबकिताब जाँच गर्न सकिनेछ ।

घ) उपभोक्ता समितिले समितिबाट संचालन भएको योजना सम्पन्न भए पश्चात जन प्रतिनिधि एवं सरोकारवाला व्यक्तिहरुको रोहवरमा सार्वजनिक परिक्षण तथा सार्वजनिक सुनुवाई समेत गर्नुपर्नेछ ।

## परिच्छेद-६

## विविध

**१६) संस्थाको विघठन :**

कुनै पनि योजनाको कार्य सम्पन्न भै सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाइ सम्पन्न भए पश्चात उक्त उपभोक्ता समिति आवश्यक नरहेको देखिएमा समितिले उपभोक्ता समितिलाई विघटन गर्न सक्नेछ तर उपभोक्ता समितिबाट संचालन गरिएको कुनै पनि योजनामा अनियमितता भएको भनी कोही सबैले उजुर बाजुर गरेमा सो योजना र उजुरी प्रति सम्बन्धित उपभोक्ता समितिको जवाफदेहिता भने समाप्त हुने छैन ।

**१८) आर्थिक वर्ष :**

आर्थिक वर्ष श्रावण १ गतेबाट प्रारम्भ भई आषाढ मसान्तमा समाप्त हुनेछ ।

हामी ..................................... उपभोक्ता समितिका सदस्यहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सहीछाप गर्दछौं ।

| क्र.सं. | पद | पदाधिकारीको नाम | हस्ताक्षर | साक्षीको नाम,थर | |
|---|---|---|---|---|---|
| १. | अध्यक्ष | | | | |
| २. | सचिव | | | | |
| ३. | कोषाध्यक्ष | | | | |
| ४. | सदस्य | | | | |
| ५. | सदस्य | | | | |
| ६. | सदस्य | | | | |
| ७. | सदस्य | | | | |
| ८. | सदस्य | | | | |
| ९. | सदस्य | | | | |
| १०. | सदस्य | | | | |
| ११. | सदस्य | | | | |

अनुसूची-१

..................... उपभोक्ता समिति अन्तर्गत रहेका उपभोक्ताहरुको नामावली :

| क्र.सं. | उपभोक्ताको नाम,थर | ठेगाना/टोल | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |
| २१ | | | |
| २२ | | | |
| २३ | | | |
| २४ | | | |

| | | | |
|---|---|---|---|
| २५ | | | |
| २६ | | | |
| २७ | | | |
| २८ | | | |
| २९ | | | |
| ३० | | | |
| ३१ | | | |
| ३२ | | | |
| ३२ | | | |
| ३४ | | | |
| ३५ | | | |
| ३६ | | | |
| ३७ | | | |
| ३८ | | | |
| ३९ | | | |
| ४० | | | |
| ४१ | | | |
| ४२ | | | |
| ४३ | | | |
| ४४ | | | |
| ४५ | | | |
| ४६ | | | |
| ४७ | | | |
| ४८ | | | |
| ४९ | | | |
| ५० | | | |

## अनुसूची- २

## उपभोक्ता समितिको छाप

उपभोक्ता समितिको छाप देहाय बमोजिम हुनेछ ।